## श्री सर्वोच्च अदालतमा पेश गरेको

निवेदन पत्र

विषयः उत्प्रेषणयुक्त परमादेश लगायत जो जे चाहिने उपयुक्त आदेश जारी गरिपाउँ।

का.जि.का.म.न.पा. १० बस्ने अधिवक्ता दिपक अधिकारी (फोन नं. ९८४१५१८८२३) ........१

का.जि.का.म.न.पा. १० बस्ने वर्ष ५६ को अधिवक्ता खगेन्द्र प्रसाद चापागाई.......................१ निवेदक

का.जि.का.म.न.पा -१० बस्ने वर्ष ३४ को अधिवक्ता शैलेन्द्र कुमार गुप्ता(९८४८१७१०५४)..१

विरुद्ध

सम्माननिय राष्ट्रपती तथा राष्ट्रपतीको कार्यालय सितल निबास काठमाण्डौ .........................१

श्री संघिय संसद सचिवालय, सिंहदरवार काठमाण्डौ.........................................................१

नेपाली कांग्रेस संसदिय दलको नेता शेर बहादुर देउवा तथा नेपाली कांग्रेस संसदिय दलको कार्यालय, सिंहदरबार काठमाण्डौ...................................................................................................१ प्रत्यर्थी

नेपाल कम्युनिष्ट पार्टी एमाले संसदिय दलको नेता के.पी शर्मा ओली भनिने खड्ग प्रसाद ओली तथा नेपाल कम्युनिष्ट पार्टी एमालेको संसदिय दलको कार्यालय सिंहदरबार काठमाण्डौ.........१

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - - - - - - - -१

मुद्दाः उत्प्रेषण परमादेश समेत

हामि निवेदकहरु नेपालको संविधानको धारा ४६, १३३(२) (३) बमोजिम तथा सर्वोच्च अदालत नियमावली २०७४ ले प्रावधान गरेको दस्तुर यसै साथ संलग्न गरी निम्न लिखित निवेदन गर्दछौं।

१. निवेदनको व्यहोराः-हामी निवेदक पेशाले कानुन व्यवसायी हौं। राज्यका हरेक निकाय संविधान र कानुन बमोजिम संचालित हुनुपर्दछ। निवेदकहरु कानून व्यवसायी भएकोले समाजमा रहेका विकृति, विसंगती र सर्वसाधारणको प्रत्यक्ष सरोकार जोडिएको सार्वजनिक निकायहरुका काम कारवाहिको बिषयमा आवाज उठाउनु कानूनी तथा संवैधानिक उपचारको खोजी गर्नु हाम्रो उत्तरदायित्व हो। सम्मानिय प्रधानमन्त्री पुष्पकमल दाहाल नेपालको संविधानको धारा ७६(२) अन्तरगतको प्रधानमन्त्री नियुक्त हुनुभएकोमा पछिल्लो पटक उहाँले मिति २०८१।०३।२८ मा संसद समक्ष विश्वासको मत प्राप्त गर्नका लागी राख्नु भएको प्रस्ताव बहुमत सांसद सदस्यबाट अस्विकृत भएकोले सोहि मितिमा संसद सचिवालयबाट सम्माननिय राष्ट्रपतीज्यु समक्ष प्रधानमन्त्रीको पद रिक्त भएको जानकारी दिईए पश्चात नेपालको संविधान बमोजिम सम्माननिय राष्ट्रपतीज्युको कार्यालयबाट प्रधानमन्त्री पदका लागी आह्वान गर्नुपर्ने थियो। नेपालको संविधानको धारा ७६ का उपधाराहरुमा स्पष्टरुपमा उल्लेख भएको प्रावधानहरुलाई नजरअन्दाज गरी सम्माननिय राष्ट्रपतीज्युको कार्यलयबाट जारी भई उक्त

कार्यलयका प्रवक्ता श्री शैलजा रेग्मी भट्टराईले हस्ताक्षर गरेको मिति २०८१।०३।२८ को पत्रानुसार धारा ७६(२) बमोजिम सरकार गठनका लागी आह्वान गरिएको छ। साथै उक्त उल्लिखित राष्ट्रपतीको कार्यालयबाट जारी भएको पत्रका आधारमा नयाँ सरकार गठनको लागी दुई ठुला राजनितिक दल नेपाली कांग्रेस र ने.क.पा. एमालेका संसदिय दलका नेताहरुको हस्ताक्षर भएको ने.क.पा. एमालेका संसदिय दलका अध्यक्ष के.पी. शर्मा ओलीलाई प्रधानमन्त्री बनाईपाउन दावी गरी मिति २०८१।०३।२८ मा लेखिएको प्रत्र समेत सञ्चार माध्यमहरुबाट सार्वजनिक भै सकेको अवस्था छ। उल्लिखित राष्ट्रपती कार्यालयको सरकार निर्माणका लागी आह्वान गरिएको पत्र र सो प्रत्रका आधारमा विपक्षी राजनितिक दलहरुबाट जारी भएको संयुक्त रुपमा हस्ताक्षरित पत्र समेतको कार्यहरु नेपालको संविधानको प्रावधान तथा मुल अन्तरवस्तु विपरीत भएको हुँदा निम्नलिखित आधार र कारणहरु सहित यो निवेदन लिई आएका छौ।

२. गैरसंबैधानिक कार्य:

संविधानको धारा ७६(२) को सरकारले विश्वासको मत नपाएको अवस्थामा सरकार गठनको लागी संविधानको संरक्षक राष्ट्रपतिले संविधानको धारा ७६(३) बमोजिमको सरकार गठनको लागी आव्हान गर्नु पर्नेमा मिति २०८१/३/२८ गते राष्ट्रपति कार्यालयबाट जारी पत्र अनुसार राष्ट्रपतिबाट धारा ७६ को उपधारा (२) बमोजिम सरकार गठनको लागी आव्हान गरेकोले संवैधानिक व्यवस्थालाई संरक्षक राष्ट्रपतिज्यूबाट मिच्ने कार्य भएको छ। किनकी संविधान बमोज़िम ७६(२) को सरकारले विश्वास मत प्राप्त गर्न नसकी मिलिजुली सरकार हटेको अवस्थामा नयाँ सरकार गठनको प्रक्रिया जाँदा ७६(३) मा नै जानु पर्ने हुन्छ । ७६(२) अनुसारको सरकार विघटन भएपछि ७६(३) अनुसार नयाँ सरकार गठन हुन संविधानको धारा ७६(२) अनुसार बनेको सरकारले विश्वासको मत पुष्टि गर्न नसके सोही धारा अन्तर्गत बहुमतको सरकार गठनको आह्वान हुन्छ या ७६(३) अनुसार संसद्को ठूलो दलले सरकारको नेतृत्व गर्ने अवस्था आउँछ यो विषय राष्ट्रपतिको विवेकको विषय नभएर संविधानले नै स्पष्ट गरेको बाध्यात्मक विषय हो।

३. मागदावी:

संविधान माथी कोहि नभएकोले यसलाई पूर्ण पालना गर्नु सबैको संवैधानिक दायित्व हुँदा राष्ट्रपति केवल संरक्षक मात्र भएकोले संवैधानिक व्यवस्था विपरितको कार्य गर्ने छुट हुँदैन। हालैको दृष्टान्त हेर्दा समेत गण्डकी प्रदेश सरकारको गठन सम्वन्धी विवादका हकमा सर्वोच्चले विश्वासको मत नपाएको अवस्थामा नयाँ धारा आकर्षित हुने आदेश दिएको छ। त्यसैगरी सम्मानित सर्वोच्च अदालतले शेर बहादुर देउवा समेत विरुद्ध राष्ट्रपतीको कार्यालय समेत रहेको ०७७-WC-००७१ भएको मुद्दामा संविधानको धारा ७६ तथा उपधाराहरु समेतको प्रयोगको सम्वन्धमा व्याख्या गर्ने क्रममा सरकार गठनका केही चरणहरु पुरा भएको हुनुपर्दछ भनि व्याख्या गरेको छ ।जसअनुसार <u>पहिलो अवस्था</u>"धारा ७६(१) बमोजिम बहुमत प्राप्त संसदिय दलको नेता प्रधानमन्त्री नियुक्त हुने, <u>दोश्रो अवस्था</u> धारा ७६(२) बमोजिम प्रतिनिधी सभामा कुनै दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधी सभामा प्रतिनिधीत्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्ने सक्ने प्रतिनिधी सभाका सदस्यलाई राष्ट्रपतीले प्रधानमन्त्री नियुक्त गर्नुपर्ने; <u>तेश्रो अवस्था</u> पहिलो र दोश्रो अवस्थाको प्रक्रियाबाट प्रधानमन्त्री नियुक्त हुने अवस्था नरहेमा वा नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतीले प्रतिनिधी सभामा सबै भन्दा बढी सदस्यहरु भएका संसदियदलका नेतालाई धारा ७६(३) बमोजिम प्रधानमन्त्रीमा नियुक्त गर्नुपर्नेछ भन्ने व्याख्या गरेको छ । तत्अनुसार धारा ७६(२) को अवस्था बन्द भएको अवस्थामा अर्थात धारा ७६(२) बमोजिमको प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत नपाएको अवस्थामा उक्त धाराको औचित्य समाप्त भई अर्को धारा अर्थात धारा ७६(३) सक्रिय हुन्छ । धारा ७६(२) अनुसार नियुक्त प्रधानमन्त्रीले वैधता प्राप्त गर्न विश्वासको मत लिने हो। विश्वासको मत लिए वैधता कायम हुन्छ। यदि, विश्वासको मत प्राप्त

नभए संवैधानिक वैधता अन्त्य हुन्छ। उपधारा (२) अनुसार बनेको सरकारले संवैधानिक वैधता अन्त्य भएपछि वैधता प्राप्त गर्नका लागि अर्को धारा खोज्नुपर्छ। यही प्रक्रिया फेरि त्यही धारामा फर्किने हो भने संविधान माथिको जालझेल मानिन्छ। यदि उपधारा (२) अनुसार नै अनन्तकालसम्म घुमिरहने हो भने उपधारा (३) वा (५) को प्रबन्ध आवश्यकता नै पर्दैन थियो। त्यसकारण, उपधारा (२) अनुसार नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसके स्वतः अनुसार ठूलो दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नुपर्छ। राष्ट्रपति संविधानको संरक्षक हो रक्षक हो त्यसकारण संबिधान अनुसार राष्ट्रपति चल्नुपर्छ। वैधता गुमाइसकेको धारा प्रयोग गरी सरकार गठनको आव्हान भएकोले यो संविधान माथिको हस्तक्षेप हो। एउटा धारा फेल भएपछि अर्को धारामा जाने संविधानको व्यवस्था हो। संविधानको धारा ७६(२) अनुसार प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुईभन्दा बढी दलको समर्थनमा प्रतिनिधि सभा सदस्यको रूपमा प्रचण्ड प्रधानमन्त्री नियुक्त भएको र उनले विश्वासको मत नपाए ७६ (३) को सरकार बन्नु पर्ने संवैधानिक व्यवस्था हो यसबाट बाहिर जान मिल्दैन। संविधान बमोजिम अब राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने हाम्रो संवैधानिक व्यवस्थालाई तोड्ने कार्य भयो। संविधानत राष्ट्रपतिले ७६(३) बमोजिम संसदको ठूलो दलबाट सरकार गठन प्रकृयामा जानु पर्ने हुन्छ। संविधानले स्पष्ट बोलेको यही हो। दुई पार्टी मिल्दैमा संविधान विपरीत जान मिल्दैन।

१. माथी प्रकरणहरुमा जिकिर लिईए बमोजिम सम्मानित सर्वोच्च अदालतका व्याख्याहरु समेत छन्। उदाहरणका रुपमा हेर्दा गण्डकी प्रदेशको हकमा पहिला १६८ (२) को सरकार थियो। विश्वासको मत गुमाइसकेपछि सर्वोच्चले १६८ (३) मै जानु भन्यो। त्यसैले प्रस्तुत रिट निवेदनका हकमा समेत उपधारा (२) का अनुसार बनेका प्रधानमन्त्रीले विश्वासको मत नपाएको हुँदा स्वतः (३) मा जाने हो। बहुमतको सरकारले विश्वासको मत पाउन सकेन भने ठूलो दलको नेता प्रधानमन्त्री हुने हो, यो भनेको ७६(३) हो। अब राष्ट्रपतिले ७६(३) बमोजिम सरकार गठन गर्न संसद्मा सबैभन्दा बढी सांसद संख्या भएको दललाई मात्र सरकार गठनका लागि आह्वान गर्नु पर्नेमा संवैधानिक व्यवस्था विपरित उपधारा (२) अनुसारको सरकार गठनको अव्हान गर्न गर्नु भएको निर्णय सोको आधारमा जारी पत्र (अन्तिमको पत्र र लगायत) समेत यससँग सम्वन्धित सम्पूर्ण निर्णय उत्प्रेषणको आदेशले बदर गरी संविधानको धारा ७६ (३) बमोजिम सरकार गठनको लागी सांसदमा बढि सदस्य संख्या रहेको दललाइ सरकार गठनको लागी आव्हान गर्नु गराउनु भनी बिपक्षीका नाममा परमादेशको आदेश जारी गरी पाउँ। उक्त उल्लेखित असंवैधानिक राष्ट्रपती कार्यालयको पत्र बमोजिमका कुनै पनी कार्य नगर्न नगराउनु भनि सर्वोच्च अदालत नियमावली २०७५ को नियम ४९ बमोजिम बिपक्षीका नाममा अन्तरिमा आदेश समेत जारी गरी पाउँ। प्रस्तुत बिषय राष्ट्रिय महत्व भएको अत्यन्त जरुरी सार्वजनिक सरोकारको विषय हुनुको साथै उक्त विषयमा तत्काल निर्णय नभएमा निवेदनको औचित्यतामा प्रभाव पर्ने भएको हुँदा अग्राधिकार प्रदानगरी न्याय निरुपण गरिपाऔं।

४. निम्न प्रमाण कागजातहरु यसैसाथ संलग्न गरेको छु।

क. निवेदकहरुको अधिवक्ता परिचयपत्रको फोटोकपी ........................................१

ख. रिट निवेदनसँग सम्बन्धीत आवश्यक कागजातहरुको फोटोकपी........................................१

६. यसमा लेखिएको व्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउँला।

निवेदक

अधिवक्ता दिपक अधिकारी समेत तिन जना

ईति सम्वत २०८१ साल असार २० गते रोज ३ शुभम्